# पृष्ठभूमी

नेपाली जनताले लामो समयसम्म परिवर्तनका निम्ति गरेका संघर्षबाट देश संघियतामा गएको छ । नेपालको संविधानमा तीन तहको सरकार रहने व्यवस्था भए बमोजिम गठित स्थानीय तह र यसलाई दिईएको अधिकार बमोजिम, स्थानीय तहलाई हुर्काउने बढाउने र फलाउने जिम्मा जनप्रतिनिधिहरुको काँधमा आएको अवस्था छ । अहिले हामी स्थानीय तहको नयाँ संरचना अन्तर्गत नयाँ प्रयोगको अवस्थामा छौ, एउटा अभ्यासमा छौं । यस्तो गहन जिम्मेवारीलाई जटिल परिस्थितिको बाबजुद पनि सफल बनाएर जानुछ । स्थानीय तहलाई सफल, स्थीर र दीर्घकालीन बनाउँदै जनतालाई अधिकतम सेवा सुविधा र विकास दिनु छ । यी सम्पूर्ण कार्यको लागि हामीले हाम्रो आफ्नै आन्तरिक आम्दानीका स्रोतहरुको दायरालाई फराकिलो बनाउँदै समृद्ध र आत्मनिर्भर आठराई त्रिवेणी गाउँपालिका बनाउन हामी कोशिस गरीरहेका छौ यस कार्यमा तपाईहरुको निरन्तर साथ सहयोग र प्रतिबद्धता आवश्यक छ ।

आठराई त्रिवेणी गाउँपालिकाको चालु आ.व. २०७५/७६ को बजेट नीति प्रस्तुत गरिरहँदा आ.व. २०७४/०७५मा भए गरेका कार्यहरुको समिक्षा गर्दै समृद्ध आठराई त्रिवेणी गाउँपालिका निर्माण गर्न नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको बजेट तथा कार्यक्रम दिग्दर्शन,(२०७४), स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, (२०७४) र मन्त्रालयबाट भएका विभिन्न परिपत्र र निर्देशनहरुलाई आधार मानिएको छ । यसका अतिरिक्त स्थानीय सामाजिक कार्यकर्ताहरु, शिक्षक तथा बुद्धिजीवीहरुबाट प्राप्त अमूल्य सुझावहरुलाई सकभर मध्यनजर गर्ने प्रयास गरिएको छ । वडासमितिहरुबाट प्राप्त राय सल्लाहहरु र वडा समितिबाट माग गरिएका आयोजनाहरुलाई आधार बनाइनेछ । गाउँपालिका बनिसके पछि गाउँपालिकाबासीको माग र आवश्यकताहरु धेरै रहेका छन् । तर हामीलाई प्राप्त सीमित स्रोतबाट एकैपटक सबैको सबै माग र आवश्यकतालाई सम्बोधन गर्न सकिदैन । धेरै क्षेत्रमा बजेट छरिएर जाँदा उपलब्धी त्यति नदेखिने, यसबाट लगानीको प्रतिफल समयमा प्राप्त गर्न नसकिने हुँदा विगतका अधुरा आयोजनाहरुलाई प्राथमिकता दिने साथै प्राप्त स्रोतहरुको अधिकतम परिचालन गर्दै त्यसबाट तत्काल सेवा प्राप्त गर्न सक्ने अवस्था सृजना गर्न मूख्य मूख्य आवश्यक्ताहरु पहिचान गरी ठूला ठूला आयोजनाहरु र पुरा गर्न सकिने खालका आयोजनाहरुलाई प्राथमिकता दिने नीति लिइएको छ । बजेट नीति बनाउँदा महिला ,बालबालिका, आदिवासी जनजाती, दलित तथा पिछडिएका समुदायलाई वडा तथा गाउँपालिकाबाट सम्बोधन गरिनेछ । यस पटकको कार्यक्रममा समावेश गर्न नसकिएका अति आवश्यक आयोजनाहरुलाई आगामी कार्यक्रममा समावेश गरिने साथै बिभिन्न निकायहरुसंग समन्वय गरी समाधान गर्ने  व्यवस्था मिलाईने छ ।

गाउँपालिकामा प्राप्त भएका बजेट, आन्तरिक आम्दानीबाट प्राप्त हुने बजेट र अन्य शीर्षक र स्रोतहरुबाट प्राप्त बजेटलाई सशर्त अनुदान बाहेक पनि भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, कृषि, पशु, खेलकुद र अन्य पूर्वाधार तर्फ विनियोजन गरी सम्पूर्ण क्षेत्रलाई समेट्ने प्रयास गरिने छ । आ.ब. २०७५/०७६ मा यस आठराई त्रिवेणी गाउँकार्यपालिकाले बिभिन्न क्षेत्रहरुको विकासकालागि अवलम्बन गरेका नीतिहरु तपशील बमोजिम रहनेछन् ।

## गाउँपालिकाको नीतिहरु

### १. पूर्वाधार विकास सम्बन्धी नीति

क) गाउँपालिकाको पूर्वाधार विकासका लागि गुरुयोजना निर्माण गरि पूर्वाधारहरुको निर्माण गरिनेछ।
ख) साविक जि.वि.स.बाट सञ्चालनहुँदै आएका क्रमागत योजनाहरुलाई निरन्तरता दिइनेछ।
ग) गाउँपालिकाका हरेक वडालाई जोड्ने गरी फुगुवा खोला निघुरादिन (वडा नं. १) देखी चाँगे (वडा नं. ५) मदन भण्डारी राजमार्ग बरभ्याङ, गुप्ते हुँदै तिरतिरे जोड्ने सडक लाई स्तरोन्नती गर्दै पालिकाको गौरवको सडकको रुपमा आठराई त्रिवेणी मार्ग नामाकरण गरी स्तरोन्नती गर्ने र आगामी वर्षहरुबाट पक्की बनाउँने कार्यको सुरुवात गरिनेछ। साथै गाउँपालिकाको माथिल्लो क्षेत्रका लागि फुगुवा खोला, डाँडाखर्क, सानोफेदी, सोवुवा, छातेढुङ्गा (४ नं. वडा कार्यालय) हुँदै लालि, बुन्धाक सडकलाई समेत
प्राथमिकतामा राखी कार्य गरिनेछ।
घ) गाउँपालिकाको केन्द्र र सबै वडाका केन्द्रहरुलाई सडक सञ्जालले जोड्ने नीति लिइनेछ।
ङ) पूर्वाधार विकासमा अन्य सरकारी गैर सरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग साझेदारी गर्ने नीति  लिइनेछ।
च) निर्मित पूर्वाधार मर्मत संभार गर्नु पर्ने अवस्थामा गाउँपालिकाले खडा गरेको मर्मत संभार कोषबाट प्राथमिकताका आधारमा मर्मत गर्ने नीति लिइनेछ।
छ) सार्वजनिक परीक्षण अनिवार्य गरी सोको आधारमा भुक्तानी दिने नीति लिइने छ।
ज) स्थानीय श्रोत र साधनको अधिकतम प्रयोगलाई प्राथमिकता दिइनेछ।
झ) सडकको नयाँ ट्रयाक खोल्ने कार्यलाई भन्दा गन्तब्यसम्म नपुगेका सडकहरुलाई गन्तव्यसम्म पुऱ्याउने तथा पुराना सडकहरुलाई स्तरोन्नती/मर्मत गर्ने कार्यलाई जोड दिईनेछ।
ञ) विद्यालय, संघ संस्था, समूह आदीका भवनहरु निर्माण गर्दा आधुनिक तथा बालमैत्रि, अपाङ्गमैत्रि बनाउने निति लिईनेछ।
ट) वातावरण मैत्री नीति अवलम्बन गरी भौतिक पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरण मैत्री बनाईनेछ।
ठ) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुसम्म पुग्ने सडक निर्माण तथा स्तरोन्नतिमा जोड दिईनेछ।

### २. पर्यटन सम्बन्धी नीतिः

क) प्राकृतिक, भौगोलिक, सामाजिक, जातीय र साँस्कृतिक विविधताको कारण पर्यटन उद्योगको प्रचुर सम्भावना भएको यस गाउँपालिकामा पर्यटन व्यवसायमा प्रवर्द्धन गर्नका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।
ख) पिक्नीक स्पोर्ट, होम स्टे, स्वीमिङ पुल, मनोरन्जन पार्क स्थापना गर्दै लगिनेछ।
ग) गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको विस्तार र विकासको अतिरिक्त थप पर्यटकीय क्षेत्रको पहिचान एवं प्रचार प्रसार गरी पर्यटकहरुलाई आकर्षित गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
घ) धार्मिक ,सांस्कृतिक, प्राकृतिक पर्यटकीय स्थलहरुको संरक्षण गर्ने नीति लिईनेछ।

### ३. कृषि तथा पशु सम्बन्धी नीतिः

क) एक गाउँ एक कृषि प्राबिधिकको नीति अवलम्बन गर्दै निर्वाहमुखी खेती प्रणलीलाई आधुनिकीकरण गर्दै लगिनेछ।
ख) विशेष कृषिउत्पादन अन्तर्गत गाउँ र हावापानी सुहाउँदो बालीको पहिचान गरी युवालाई कृषि

तर्फ आकर्षीत गर्ने नीति लिईनेछ ।

ग) कृषिलाई बेरोजगारीको अन्त्य गर्ने मुख्य आधारको रुपमा विकास गरी पूर्णरुपमा व्यवसायीकरण गर्दै लगिनेछ ।

घ) कृषिबााट उत्पादित अन्न तथा नगदेबालीहरुको बजार पहिचान गरी जनताको जीवनस्तर माथी उकास्ने नीति लिईनेछ ।

ङ) बेमौसमी तरकारी उत्पादनका लागि टनेल निर्माण, विउविजन वितरण र किटनासक औषधि वितरण गर्दै कृषि पेशा तर्फ आकर्षित गर्ने नीति लिईनेछ ।

च) उन्नत जातका गाई वस्तु र बाखा उत्पादन गरी समान लगानी र परिश्रममा बढी आयआर्जन गर्नका लागि नश्ल सुधार गर्दै लगिनेछ ।

छ) यस गाउँपालिका लाई मासु र अण्डामा पूर्ण रुपमा आत्मनिर्भर बनाईने छ ।

ज) रासायनिक मलको प्रयोगलाई न्यूनिकरण गर्दै प्राङ्गारीक मल तथा गड्यौले मल उत्पादन तथा प्रयोगमा जोड दिनुका साथै भकारो सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

झ) गाउँपालिकामा कफी खेती विस्तार गर्न व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ ।

ञ) गाउँपालिका भित्र रहेका खेतीयोग्य जमिनहरुलाई बाँझो नराख्न प्रोत्साहित गरिनेछ ।

**४. शिक्षा सम्बन्धी नीति :**

क) शैक्षिक क्षेत्रलाई राजनैतिक हस्तक्षेप मुक्त गराईनेछ । गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुलाई शान्ति क्षेत्र बनाईनेछ ।

ख) प्राविधिक शिक्षा मार्फत दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय स्थापनार्थ प्रकृया अघि बढाईने छ ।

ख) गाउँपालिका क्षेत्रभित्र हाल सञ्चालित विद्यालयहरुको भौतिक तथा उपलब्ध जनशक्तिको अवस्था हेरी स्नातक तहको कक्षा सञ्चालन गर्न आवश्यक प्रकृया अघि बढाईने छ ।

ग) गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न नियमित अनुगमन र सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाईने छ ।

घ) सामुदायिक विद्यालय तर्फ बाट SEE परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने एक छात्रा र एक छात्रलाई वार्षिक रुपमा पुरस्कार मार्फत सम्मान गरिनेछ । साथै गाउँपालिका स्तरीय आधारभूत तह उत्तिर्ण परीक्षामा सर्बोकृष्ट विद्यार्थीलाई समेत पुरस्कृत गरिनेछ ।

ङ) विभिन्न सुचकहरुको निर्धारण गरी सुचकहरुका आधारमा शिक्षकहरुलाई प्रोत्साहन र दण्डको व्यवस्था गरिनेछ ।

च) एक वडा एक नमुना विद्यालय निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

छ) हरेक विद्यालयमा इन्टरनेटको सुविधा उपलब्ध गराउने कार्यको सुरुवात गरिनेछ ।

ज) सुचना प्रविधिमैत्रि अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।

झ) हरेक विद्यालयमा शिक्षकहरुको नियमितता बढाउन विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ । पहिलो चरणमा यसै आ.व.मा माध्यमिक विद्यालयहरुकमा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।

ञ) एक वडा एक सामुदायिक सिकाई केन्द्र स्थापनाका लागि पहल गरिनेछ ।

**५. स्वास्थ्य तथा सरसफाइ सम्बन्धी नीति :**

क) गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउन विशेष अभियान सञ्चालन गरिनेछ ।

ख) सबै वडाहरु पूर्ण खोपयुक्त वडा घोषणा भई सकेकाले उक्त कार्यक्रमको दिगोपनाका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

ग) गाउँपालिका भित्रका स्वास्थ्य चौकीहरुलाई सुविधा सम्पन्न बनाउँदै लगिनेछ ।

घ) एक वडा एक स्वास्थ्य संस्था स्थापनार्थ विशेष पहल गरिनेछ ।

ङ) गाउँपालिका भित्रका दीर्घरोगी, नसर्ने रोगबाट पीडित जनतालाई सहयोग गरिनेछ ।
च) घरभित्रको धुवाँ रहित गाउँपालिका निर्माण गर्न अभियानहरु सञ्चालन गरिनेछ ।
छ) सरुवा रोगहरुको नियन्त्रण गर्नका लागि कार्यक्रमहरु बनाईनेछ ।

## ६. सूचना तथा सञ्चार सम्बन्धिीनीति :

क) गाउँपालिका र पाँच वटै वडा कार्यालयहरुमा सूचना र प्रविधिको महत्वलाई आत्मसाथ गर्दै यसै आ.व. भित्रमा इन्टरनेट जडान गरिनेछ ।
ख) वडा मार्फत प्रवाह हुने सेवा कम्प्युटरीकृत प्रणली मार्फत दिनका लागि कर्मचारीहरुको क्षमता विकास गरी कामको सुरुवात गरिनेछ ।
ग) गाउँपालिका भित्रका हुलाक कार्यालयहरुमा रहेका टेलिसेन्टरहरुको नियमित सञ्चालनमा जोड दिइनेछ ।

## ७. खानेपानी सम्बन्धी नीति :

क) स्वच्छ तथा स्वस्थ खानेपानीमा सबैको पहुँच स्थापित गर्न खानेपानी सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ ।
ख) खानेपानीको मुहान संरक्षणलाई उच्च प्राथमिकता दिइनेछ ।
ग) एक घर एक धाराको नीतिलाई प्रोत्साहन गरिनेछ ।
घ) संचालित खानेपानीहरुलाई व्यवस्थीत गर्न नयाँ नीति लिईनेछ ।

## ८. प्राकृतिक श्रोत उपयोग सम्बन्धी नीति :

### ८.१ वन सम्बन्धी नीति

क) सामुदायिक वन समूह तथा निजी वन व्यवसायी मार्फत विरुवा उत्पादनमा अनुदानको व्यवस्था गर्दै लगिनेछ ।
ख) खाली क्षेत्रमा वृक्षारोपण कार्यलाई प्रोत्साहित गरिनेछ ।
ग) गाउँपालिका भित्र नर्सरीको व्यवस्थापन गर्न वन कार्यालयसँग समन्वय गर्दै अगामी दिनमा कार्यक्रमहरु तय गरिनेछ ।

### ८.२ जल तथा उर्जा सम्बन्धी नीति

क) पानीका मुहानहरुको संरक्षण कार्यलाई जोड दिईनेछ ।
ख) विद्युत उत्पादन क्षेत्र पहिचान गरि सरकारी तथा गैर सरकारी क्षेत्रसँग साझेदारी कार्यक्रम सञ्चालनगरी गाउँपालिकालाई उर्जा क्षेत्रमा आत्म निर्भर बनाइने नीति लिइनेछ ।
ग) उज्यालो गाउँपालिका निर्माणका लागि सबै वडाहरुलाई केन्द्रीय प्रशारण लाईन जोड्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## ९. विपद् व्यवस्थापन सम्बन्धी नीतिः

क) गाउँपालिकामा हुन सक्ने सम्भावित प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपद्बाट हुने जनधनको क्षती न्यूनीकरण गर्न गाउँपालिका र प्रत्येक वडाहरुमा विपद् व्यवस्थापन समितिको गठन गरी परिचालन गरिनेछ ।
ख) गाउँपालिका भित्र हुने विपद्बाट पीडित स्थानीय गाउँबासीहरुलाई राहत तथा उद्धार गर्नका लागि गाउँपालिकामा एक विपद् व्यवस्थापन कोष खडा गरिनेछ ।

**१०. उद्योग सम्बन्धी नीति :**

क) गरिबी न्यूनीकरणकका लागि लघु उद्यमहरुको स्थापना र विस्तार गरी रोजगारी सृजना गर्ने कार्यक्रमहरुको अवलम्बन गरिनेछ ।

ख) गाउँपालिका भित्र सञ्चालित उद्योग तथा व्यवसायको दर्ता गरी व्यवस्थित गरिनेछ ।

**११. सामाजिक परिचालन सम्बन्धीनीति :**

क) सामाजिक परिचालनको माध्यमबाट स्थानीयवासीहरुको विकासमा पहुँच पुऱ्याउन क्षमता अभिवृद्धि गर्ने उद्देश्य अनुरुप सञ्चालन भएका सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिँदै गाउँपालिकामा सामाजिक परिचालकको व्यवस्था गरिनेछ ।

**१२. राजश्व सम्बन्धी नीति :**

क) साबिक गा.वि.स.हरुबाट प्रवाह हुने सेवा तथा अन्य क्षेत्रहरुबाट प्राप्त हुँदै आएको राजश्व रकममा सामान्य बृद्धि गरी संकलित राजश्वलाई गाउँपालिकाको विकासमा खर्च गरिनेछ ।

ख) एकिकृत सम्पत्ति कर लगायतको कर शुल्क तोकिएको समय भित्र नै तिर्न प्रोत्साहन गरिनेछ । साथै सेवाग्राहीहरुले सेवा लिन आउँदा राजश्व तिरेको रसिद अनिवार्य पेश गर्नु पर्ने नीति लिइनेछ ।

**१३. भू- संरक्षण सम्बन्धी नीति :**

क) मुहान संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) सडक पाखा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) एकीकृत जलाधार व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्दै लगिनेछ ।

**१४. खेलकुद सम्बन्धी नीति :**

क) एक वडा एक खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

ख) स्थानीय क्लब तथा विद्यालयहरु मार्फत खेलकुद कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

ग) गाउँपालिकामा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको खेलमैदान निर्माण गर्न विशेष पहल गरिनेछ ।

घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरुको उत्पादन गर्नका लागि विशेष नीति अवलम्वन गरिनेछ ।

**१५. सुशासन सम्बन्धी नीति :**

क) गाउँपालिकाको कृयाकलापलाई पारदर्शी, जवाफदेही र मितव्ययी बनाउन सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, अनुगमन तथा सुपरीवेक्षण जस्ता विधी तथा प्रकृया अवलम्बन गरिनेछ ।

ख) वित्तीय कारोबारको लेखा राख्ने कार्यको कम्प्युटरीकृत प्रणालीको सुरुवात गरिनेछ ।

**१६. लक्षित वर्ग सम्बन्धी नीति ( महिला, बालबालिका, अपाङ्ग, दलित, जेष्ठ नागरिक, आदिवासी जनजाति, युवा) :**

क) लक्षित बर्गको क्षमता विकासका लागि तालिम, गोष्ठी तथा सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिनेछ ।

ख) विभिन्न जात जातिका धर्म संस्कृती र परम्परा संरक्षणका लागि गाउँपालिका र वडा स्तरीय कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ग) महिला, आदिवासी जनजाति, दलित, जेष्ठ नागरिक , अपाङ्ग तथा अल्पसंख्यक जातजातिको

विकासका लागि प्रत्येक वडामा बिशेष कार्यक्रमहरु गर्दै जाने नीति लिईनेछ ।

घ) हरेक विद्यालयहरुमा बालमैत्री धारा र बालमैत्री खेलमैदानको निर्माण गर्न अभियान सञ्चालन गरिनेछ ।

ङ) जेष्ठ नागरिक हरुको सम्मानका लागि विशेष कार्यक्रमहरु ल्याइनेछ ।

च) लक्षित वर्गका समूदायहरुको जीवन स्तर उकास्नका लागि सीपमूलक तालिमको व्यवस्था मिलाउने नीति लिइनेछ ।

छ) युवाहरुलाई सीप सिकाई रोजगारीको सृजना गर्न युवा लक्षित बिशेष कार्यक्रमहरु ल्याईनेछ ।

**उपस्थित महानुभावहरु,**

यस आठराई त्रिवेणी गाउँपालिकाको समुन्नत विकासका लागि गाउँपालिकाको आन्तरिक श्रोत, श्रोत बाँडफाँडबाट प्राप्त हुने रकम, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, गत आ.व.बाट प्राप्त मौजुदा रकम, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण तथा सशर्त अनुदान समेतका आधारमा यसै आर्थिक वर्ष २०७५/०७६ मा सञ्चालनहुने कार्यक्रमहरु तयार गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तानान्तरण सम्बन्धी निर्देशिका, २०७४ को अधीनमा रही संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान,राजश्व बाँडफाँड, सशर्त अनुदान,गाउँपालिकाले प्राप्त गर्ने श्रोत बाँडफाँडबाट प्राप्त हुने अनुमानित रकम, आन्तरिक श्रोतको अनुमानित रकम,संघीयता सबलीकरण अन्तर्गतको गत आ.व.बाट अल्या भइ आएको वित्तीय हस्तान्तरण शीर्षकको रकम समेतलाई आधार बनाइ बजेट तयार पारिएको छ ।

अब म संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र बजेट तथा यस गाउँ पालिकाको तेश्रा गाउँसभाले पारित गरेका विभिन्न योजना तथा कार्यक्रमको अधिनमा रही गाउँसभा सार्वजनिकीकरण कार्यक्रम मार्फत २९,९१,५९,२८४।- (उनान्तीस करोड एबानब्बे लाख उनान्साठी हजार दूई सय चौरासी रुपैयाँ ।) को बजेट संक्षेपीकरण प्रस्तुत गर्दैछु,

**वित्तीय समानीकरण अनुदान :**

वित्तीय समानीकरण अनुदान निशर्त प्रकृतिको अनुदान भएको र यस शिर्षक अन्तर्गत संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सम्पूर्ण अनुदानलाई भौतिक पूर्वाधार तर्फका कार्यहरुका लागि तथा वडाका योजनाहरु कार्यान्वयन गर्न विनियोजन गरिएको छ । यस शिर्षक अन्तर्गत संघीय सरकारबाट रु. ९,९०,००,०००।- (नौ करोड नब्बे लाख मात्र ।) तथा प्रदेश सरकारबाट प्राप्त रु. ३३,३५,०००।- (तेत्तिस लाख पैंतिस हजार मात्र ।) गरी कूल रु. १०,२३,३५,०००।- (दश करोड तेइस लाख पैंतिस हजार मात्र ।) को बजेट प्रस्ताव पारित गरिएको छ ।

**राजश्व बाँडफाँडबाट प्राप्त अनुदान :**

यस शिर्षक अन्तर्गत संघीय सरकारको राजश्व बाँडफाँडबाट प्राप्त अनुदान रु. ४,४०,३५,०००।- (चार करोड चालिस लाख पैंतिस हजार मात्र ।) मध्ये रु. २,४९,०७,२८४।- कार्यालयको चालु खर्च र बाँकी रकम पुँजिगत खर्च तर्फ विनियोजन गर्ने गरी बजेट प्रस्ताव पारित गरिएको छ । साथै प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त अनुदान रु. १,२९,५३,०००।- (एक करोड उनान्तीस लाख त्रिपन्न हजार मात्र ।) लाई गाउँपालिकाको विकासमा खर्च गर्ने गरी बजेट विनियोजन गरिएको छ ।

**श्रोत बाँडफाँडबाट प्राप्त अनुदान :**

यस शिर्षक अन्तर्गत प्राप्त सम्पूर्ण अनुदान रु. ३,३६,२८४।- (तीन लाख छत्तिस हजार दुई सय चौरासी मात्र ।) लाई अन्य निकाय संग साझेदारी कार्यक्रम गर्न म्याचिङ फण्डमा राख्ने गरी बजेट प्रस्ताव पारित गरिएको छ ।

**आन्तरिक आय (अनुमानित) :**

यस शिर्षक अन्तर्गत अनुमानित गरिएको रु. १५,००,०००।- (पन्ध्र लाख मात्र ।) लाई गाउँपालिकाको चालु खर्च तर्फ बजेट प्रस्ताव पारित गरिएको छ ।

विषयगत शाखाले सञ्चालन गर्ने पूँजीगत कार्यक्रम तर्फ समेत सशर्त, वित्तीय समानीकरण तथा राजश्व बाँडफाँड अन्तर्गत तपशील बमोजिम बजेट रकम विनियोजन गरिएको छ ।

**कृषि/पशु कार्यक्रम :**

गाउँपालिकाका अधिकांश जनताहरु कृषि पेशामा संलग्न छन् । निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायिक बनाउन कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिंदै रसायनिक मलको न्युनिकरण गर्न प्राङ्गारिक तथा गड्यौले मल उत्पादन गर्न, उन्नत जातका बिउ बिजन बितरण, कृषि प्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । दूध, माछा, मासु, अण्डा जस्ता दैनिक उपभोग्य पशुजन्य खाद्य पदार्थहरुको बजार माग बढी रहेको अवस्थामा सो को आपूर्तिलाई बढावा दिन पशु सेवा विकास कार्यक्रम, पशु स्वास्थ्य, रोग अन्वेषण र क्वारेन्टाइन, पशुसेवा प्रसार कार्यक्रम र पशुपंक्षि बजार प्रबर्धन कार्यक्रमको कार्यान्वयनको लागि बजेट विनियोजन गरिएको छ । स्थानीय स्तरमा हुन सक्ने सम्भावित कृषि/पशु जन्य उत्पादनलाई प्रवर्द्धन गर्न वडागत रुपमा तथा गाउँपालिका स्तर र विषयगत शाखाबाट समेत कार्यान्वयन हुने गरी बजेटको व्यवस्था गरिएको छ । जसका लागि रु.१,०५,५१,०००।- बजेटको प्रस्ताव पारित गरिएको छ ।

**शिक्षा सम्बन्धी कार्यक्रम :**

यस गाउँपालिका भित्र देखिएको खस्कँदो शैक्षिक गुणस्तरलाई उकास्न आई सी टी सहितको शैक्षिक सूचना केन्द्रको स्थापना, विद्यालय क्षेत्रको विकास कार्यक्रमहरु सञ्चालन गर्न तथा शिक्षकहरुको नियमितता बढाउन बिद्युतिय हाजीरीको व्यवस्थाका लागि संघीय सरकारबाट तोकी आएको सशर्त अनुदान तथा अन्य शिर्षकहरुबाट गरी रु. ९,८३,९२,०००।- बजेटको प्रस्ताव पारित गरिएको छ ।

**स्वास्थ्य सम्बन्धी कार्यक्रम** :

स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा सामाग्री वितरण, विद्यालय स्वास्थ्य प्रवर्द्धन तथा शिक्षा कार्यक्रम, समुदायमा स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने, औषधि खरिद गर्ने, प्रसुति सेवा कार्यक्रम, परिवार नियोजन सम्बन्धी कार्यक्रम , सुरक्षित मातृत्व, गाउँघर क्लिनिक, आमा सुरक्षा, ल्याव सञ्चालन लगायतका कार्यक्रमका लागि संघीय सरकारबाट तोकी आएको सशर्त अनुदानबाट व्यवस्था गरिएको छ । स्वास्थ्य क्षेत्रको अन्य कार्यक्रमलाई समेत सम्बोधन गर्नका लागि सशर्त अनुदान सहित रु.२,१३,०७,०००।- बजेट विनियोजन गरिएको छ ।

**ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम** :

गाउँपालिकामा खानेपानीको पहुँचबाट टाढा रहेका जनतालाई खानेपानीको सेवा उपलब्ध गराउनका साथै एक घर एक धारा निर्माण गर्ने गाउँपालिकाको नीति बमोजिम यस कार्यक्रम अन्तर्गत ५१,५८,०००।- बजेट विनियोजन गरिएको छ ।

**संस्कृति प्रबर्द्धन कार्यक्रम** :

आदिबासी जनजातिका भवन निर्माण संस्कृती झल्कने सामग्री खरिद, क्षमता विकास कार्यक्रमलाई विशेष प्राथमिकता दिईएको छ । मठ मन्दिर गुम्बाहरुलाई प्रवद्धन गरी पर्यटकीय स्थलहरुको विकासका लागि समेत बजेट विनियोजन गरिएको छ । जसकालागि समग्रमा रु. ४९,००,०००।- बजेट रकम विनियोजन गरिएको छ ।

**खेलकुद तथा मनोरञ्जन** :

खेलकुदको माध्यमबाट गाउँपालिकालाई परिचित गराउन तथा खेल प्रतिभालाई प्रस्फुटन गराउने उद्देश्यले खेलकुद क्षेत्रको समग्र विकासका लागि रु.८,७५,०००।- बजेट रकम विनियोजन गरिएको छ ।

**लैंगिक समानता तथा समावेशीकरण कार्यक्रम :**

यस शिर्ष अन्तर्गक लैंगिक समानता तथा पछाडि परेका बर्गहरुलाई बिभिन्न गोष्ठि, सेमिनार तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरी चेतनाको स्तर बृद्धि गर्न रु. ६४,३४,०००।- बजेट रकम विनियोजन गरिएको छ ।

**स्थानिय सडक तथा पूल सम्बन्धि कार्यक्रम :**

गाउँपालिकाका हरेक वडालाई जोड्ने गरी फुगुवा खोला निघुरादिन (वडा नं. १) देखी चाँगे (वडा नं. ५) मदन भण्डारी राजमार्ग बरझ्याङ, गुप्ते, सरदारगाउँ, तिरतिरे जोड्ने सडकलाई स्तरोन्नती गर्दै पालिकाको गौरवको सडकको रुपमा आठराई मार्ग नामाकरण गरी स्तरोन्नती गर्ने र आगामी वर्षहरुबाट पक्की बनाउँने कार्यलाई निरन्तरता दिंदै आ.व. २०७५/०७६ का लागि समेत रु. २,९०,००,०००।- सहित वडामा रहेका अन्य सडकहरुको निर्माण तथा स्तरोन्नतिका लागि रु. ७,२५,३५,०००। रकम विनियोजन गरिएको छ । साथै क्रमागत आयोजनाहरुलाई समेत निरन्तरता दिईएको छ ।

**संचाई विकास कार्यक्रम :**

नगदे तथा खाद्यन्न बालीको लागि उचित सिंचाईको प्रबन्ध हुन नसकेकोले सिंचाई तर्फ कृषकहरुमा तत्काल यो सुविधा उपलब्ध गराउने उद्देश्यका साथ सिंचाईं कार्यक्रमका लागि रु.८,००,०००।- रकम विनियोजन गरिएको छ ।

**भवन तथा सहरी विकास कार्यक्रम :**

गाउँपालिकाका भित्र रहेका वडा कार्यालय, स्वास्थ्य चौकी तथा प्रहरी चौकीका भवन कतै जीर्ण भएको त कतै हुँदै नभएको अवस्थामा जनताका दैनिक सेवाका कामहरु प्रभावित नहोउन् भन्नका लागि आवश्यकता अनुसार भवन मर्मत, निर्माण तथा व्यवस्थापन गर्ने गरी बजेट विनियोजन गरिएको छ । जसका लागि १,२०,५०,०००।- बजेट विनियोजन गरिएको छ ।

**उर्जा, लघु तथा साना जलविद्युत् सम्बन्धी कार्यक्रम :**

उज्यालो गाउँपालिका निर्माणका लागि हरेक वडामा केन्द्रीय प्रसारण लाइन जडान गर्ने तथा संचालित लघु जलविद्युतहरुको मर्मत संभारका लागि रु. २५,००,०००।- रकम बिनियोजन गरिएको छ ।

**वन तथा भू संरक्षण सम्बन्धी कार्यक्रम :**

यस कार्यक्रम अन्तर्गत जडिबुटी विकास कार्यक्रम, सामुदायिक तथा कबुलियती वन विकास, भूक्षय, पहिरो नियन्त्रण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । जसका लागि १४,००,०००।- को बजेट प्रस्ताव पारित गरिएको छ ।

**खेलमैदान निर्माण सम्बन्धि कार्यक्रम :**

यस कार्यक्रम अन्तर्गत एक वडा एक खेलमैदान निर्माणको अभियानलाई निरन्तरता दिन तथा पुराना खेलमैदान विस्तार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । जसका लागि ५५,००,०००।- को बजेट प्रस्ताव पारित गरिएको छ ।

**गैह्र सरकारी संस्थाका कार्यक्रमहरु :**

नेपाल रेडक्रस सोसाईटी (सामुदायिक उत्थानशील परियोजना), वातावरण संरक्षण तथा विकास मञ्च (सु आहारा) संस्थाहरुबाट पेश भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि अनुमति दिईएको छ ।

**कन्टन्जेन्सी सम्बन्धी व्यवस्था:**

गाउँपालिकाबाट छनौट गरिएका योजनाहरुलाई व्यवस्थित र दिगो रुपमा सञ्चालन गर्न विनियोजित पुँजिगत योजनाबाट एकमुष्ठा २.५% सम्म रकम कट्टी गरी छुट्टै कोषको व्यवस्थागरी सो को कार्यक्रम बनाई खर्च गरिनेछ ।

**गाउँपालिकाको विशेष कोष सम्बन्धी कार्यक्रम :**

गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोप र त्यसबाट छुटकारा दिने तथा राहत वितरण समेतका लागि गाउँपालिका तथा हरेक वडामा एक विपद् व्यवस्थापनकोषको स्थापना गरिएको छ । जसका लागि ५,००,०००।- रकम विनियोजन गरिएको छ । साझेदारी कार्यक्रमहरु सञ्चालन गर्न रु. ३,३६,२८४।- को समपूरक कोष (म्याचिङ फण्ड) स्थापना गरिएको छ । त्यसै गरी गाउँपालिका भित्रका भौतिक पूर्वाधारहरु मर्मत गर्न मर्मत संभार कोषको रुपमा रु. १२,००,०००।- को कोष स्थापना गरिएको छ ॥ स्थानीय तहमा कार्यरत कर्मचारीहरुको निवृत्तिभरण सुविधाका लागि कर्मचारी कल्याण कोषमा रु. ४,४९,६००।- रकम जम्मा गर्ने गरी रकम विनियोजन गरिएको छ ।

अब म, यस गाउँपालिकाको आ.व. २०७५/०७६ का लागि गाउँसभाबाट पारित कुल बजेटको संक्षिप्त आय व्यय प्रस्तुत गर्न चाहान्छु ।

**आम्दानी प्रक्षेपण**

| क्र सं | विवरण | रकम |
|---|---|---|
| १ | संघीय सरकारबाट वितिय समानीकरण अनुदान | **99,000,000.00** |
| २ | राजश्व बाडफाँड (संघीय सरकारबाट) | 44,035,000.00 |
| ३ | प्रदेश सरकारबाट प्राप्त बितीय समानीकरण अनुदान | 3,335,000.00 |
| ४ | आन्तरिक आयको अनुमान | 1,500,000.00 |
| ५ | स्रोत बाडफाडबाट प्राप्त | 336,284.00 |
| ६ | गतको अल्या | 4,500,000.00 |
| ७ | संघीय सरकारबाट प्राप्त ससर्त अनुदान | 123,500,000.00 |
| ८ | प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान | 10,000,000.00 |
| ९ | प्रदेश सरकारको राजश्व बाडफाडबाट | 12,953,000.00 |
| **जम्मा आम्दानी प्रक्षेपण** | | **299,159,284.00** |

**खर्चको प्रक्षेपण**

| क्र.स. | खर्चको क्षेत्र | चालू तथा सशर्त | पूँजिगत | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँपालिका | २,६४,०७,२८४।- | १०,५२,५२,०००।- | १३,१६,५९,२८४।- |
| २ | वडा समितिहरू | - | ४,४०,००,०००।- | ४,४०,००,०००।- |
| ३ | विषयगत शाखाहरू | १०,५२,७४,०००।- | १,८२,२६,०००।- | १२,३५,००,०००।- |
| | ***जम्मा*** | ***१३,१६,८१,२८४।-*** | ***१६,७४,७८,०००।-*** | ***२९,९१,५९,२८४।-*** |

अन्त्यमा, यस आठराई त्रिवेणी गाउँपालिकाको गाउँसभाबाट पारित वार्षिक बजेट, नीति तथा कार्यक्रमहरुको सार्वजनिकीकरण समारोहमा उपस्थित प्रमुख अतिथी ज्यू, अतिथी ज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दै गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रमहरुको तयारी गर्न सहयोग गर्नुहुने गाउँपलिकाका उपाध्यक्ष ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारी मित्रहरुलाई समेत धन्यवाद व्यक्त गर्न चाहान्छु ।

धन्यवाद !

प्रस्तुतकर्ता :
मन्जु पौड्याल भट्टराई
उपाध्यक्ष
आठराई त्रिवेणी गाउँपालिकाको कार्यलय
हाङपाङ, ताप्लेजुङ